## ५. विद्यार्थीको मूल्याङ्कन

शैक्षिक मेलाले विद्यार्थीको मूल्याङ्कन गर्ने एउटा राम्रो अवसर दिन्छ । यस कामका लागि कक्षाका सबै विद्यार्थीहरुको नाम लेखी शैक्षिक मेलाको पुरै प्रक्रियामा विद्यार्थीको अवलोकन गरेर आफ्नो टिप्पणी लेख्न सकिन्छ ।

| विद्यार्थीको नाम | क्रियाकलाप स्टल नं. | टिप्पणी |
|---|---|---|
| | | |
| | | |
| | | |

## ६. अभ्यास मेला र शैक्षिक मेला

वास्तविक शैक्षिक मेला गर्ने केहि दिन अघि तोकिएको स्थान र समयमा विद्यार्थीहरुलाई आ-आफ्नो कक्षाको स्टल राखी अभ्यास शैक्षिक मेलाको आयोजना गराउनुपर्छ । यसो गर्दा एकातिर केही कमीकमजोरी भएमा त्यसलाई सुधार गर्ने मौका मिल्छ भने अर्कातिर वास्तविक शैक्षिक मेला व्यवस्थित हुन मदत पुग्छ । अभ्यास मेलामा निम्न कुराहरुमा ध्यान दिनुपर्छ :

- स्टलहरु कहाँकहाँ कसरी राखिएका छन् ?
- शैक्षिक मेलालाई कति समयसम्म राख्ने ?
- मेलामा क-कसलाई आमन्त्रण गर्ने ?
- क-कसलाई कुनकुन समय दिइएको छ ?
- कति विद्यार्थी समावेश भएका छन् र बाँकीले के गर्ने ?
- अन्य मानिसहरु कसरी सहभागी हुने ?



## ७. शैक्षिक मेलाका बारेमा कक्षामा छलफल

शैक्षिक मेला सकिएपछि अर्को दिन कक्षामा विद्यार्थीहरुसँग मेलाको मूल्याङ्कनका लागि तिमीहरुलाई कस्तो लाग्यो ? कुन कुरा गाह्रो लाग्यो ? कुन कुरा रमाइलो लाग्यो ? जस्ता प्रश्नहरु गरी छलफल गर्नुपर्छ । यसरी गरिने छलफलले अर्कोपटकको मेलालाई अझ प्रभावकारी बनाउन मदत पुऱ्याउँछ ।



## ८. शैक्षिक मेलाको मूल्याङ्कन र प्रतिवेदन

शिक्षकहरु बसी आफ्नो विद्यालयले आयोजना गरेको शैक्षिक मेला कति प्रभावकारी भयो र अर्को वर्ष मेलालाई अझ प्रभावकारी बनाउन के गर्न सकिएला भनी छलफल गर्नु महत्वपूर्ण हुन्छ । विद्यालयले गरेको कामबाट सिक्दै निरन्तर सुधारको सम्भावनाको लागि निम्न कुराहरुमा छलफल गर्नुपर्छ :

- शैक्षिक मेलाप्रति अभिभावक वा आगन्तुकको प्रतिक्रिया कस्तो रह्यो ?
- कस्ताकस्ता कामहरु राम्ररी सम्पन्न गर्न सकियो ?
- कस्ता कस्ता कुराहरुले समस्या देखियो ?
- आउँदो वर्ष ती समस्याहरुलाई कसरी समाधान गर्ने ?
- क-कसले, क-कसलाई सहयोग गर्न सकेमा मेला अझ प्रभावकारी हुनसक्छ ?





German Nepalese Help Association (GNHA)
Lazimpat, Kathmandu, Nepal
E-mail: gnha@gnha.org.np
Web: www.gnha.org.np



# शैक्षिक मेला



GERMAN-NEPALESE HELP ASSOCIATION
GNHA
जर्मन् नेपाल सहयोग संघ

## शैक्षिक मेला (Exhibitional Fair)

शैक्षिक मेला भन्नाले विद्यार्थीहरुले पाठ्यक्रम अन्तर्गत लामो समय लगाएर गरेका महत्वपूर्ण सिकाइहरुलाई उनीहरुबाट प्रस्तुत गरेर टुङ्ग्याउने एक महत्वपूर्ण शैक्षिक कार्यक्रम हो । यस्तो कार्यक्रममा सम्बन्धित विद्यालयका विद्यार्थी, अभिभावक र आगन्तुकहरु सहभागी हुन्छन्, कार्यक्रमको अवलोकन गर्छन र क्रियाकलापमा भाग लिन्छन् । यसले विद्यार्थीहरुलाई सक्रिय बनाउँछ र जिम्मेवारी बहन गर्ने सीपको विकास गर्छ । शैक्षिक मेलामा शिक्षकको सहायक भूमिका हुन्छ । शिक्षकले विद्यार्थीहरुलाई मेलामा राखिने सिकाइका क्रियाकलापहरुको निर्धारण, त्यसको प्रक्रिया र हरेक विद्यार्थीले निर्वाह गर्ने भूमिकामा सक्षम बनाउँछन् । त्यसपछिका सबै आयोजनाहरु विद्यार्थीले गर्छन् । शिक्षकले शैक्षिक मेलाको सुपरिवेक्षण गर्छन् र तत्काल आवश्यक देखिएका कुराहरु विद्यार्थीलाई जानकारी गराउँछन् । अर्थात, शैक्षिक मेलाले विद्यार्थीको सहभागिता र सिकाइलाई प्रभावकारी र दिगो बनाउन मदत पुऱ्याउँछ ।

# शैक्षिक मेला (Exhibitional Fair)

विद्यालयहरुले शैक्षिक मेलालाई नियमित वार्षिक कार्यक्रम अन्तर्गत राख्ने गरेको पाइन्छ । तसर्थ शैक्षिक मेलालाई वर्षमा एकचोटी गरिने एक व्यवस्थित कार्यक्रमका रुपमा बुझ्न सकिन्छ । सम्बन्धित शैक्षिक सत्रमा विद्यार्थीहरुले सिकेका महत्वपूर्ण सिकाइहरुलाई रोचक तरिकाबाट प्रदर्शन गर्नुपर्ने भएको हुदाँ विद्यालयहरुले सामान्यतया शैक्षिक मेला तेस्रो त्रैमासिक भित्र अनुकुल समयमा आयोजना गर्छन् ।



# शैक्षिक मेला कस्तो ?

शैक्षिक मेलालाई विद्यालयहरुले विभिन्न तरिका र स्तरहरु प्रा.वि., आधारभूत तह., मा.वि. मा आयोजना गर्ने गरेको पाइन्छ । यसका केही प्रकारहरु तल उदाहरण स्वरुप दिइएको छ :

१. कुनै एक विषयमा आयोजना गर्ने, जस्तै : विज्ञान अथवा गणित शैक्षिक मेला SCIENCE fair, MATH Fair, Metric mela
२. हरेक विषयका अति महत्वपूर्ण सिकाइहरुलाई समेटेर गरिने मिश्रित विषयहरुको शैक्षिक मेला ।

सर्वप्रथम विद्यालय वा शिक्षकहरुले कुन किसिमबाट मेलाको आयोजना गर्ने भनी छलफलबाट निर्धारण गर्नुपर्छ । मिश्रित विषयको मेला आयोजना गर्ने हो भने एक दिनमै मेला सकिन्छ तर विषयगत मेला आयोजना गर्ने हो भने हरेक विषयका लागि फरक - फरक दिन तोक्नुपर्ने हुन्छ । ती दिनहरु विद्यालयको वार्षिक क्यालेन्डरमा तोक्नुपर्ने हुन्छ । मेला कतिओटा विषयमा आयोजना गर्ने भन्ने कुरा अर्को महत्वपूर्ण कुरा हो । विद्यालयले मेला गर्ने भनी निर्धारण गर्नुअघि त्यसको व्यवस्थापनका पक्षमा विचार गर्नुपर्छ र शैक्षिक सत्रभित्रमा सिकाउनुपर्ने पाठहरुमा पनि विचार पुऱ्याउनुपर्ने हुन्छ । तसर्थ प्राथमिक विद्यालयको तहमा मिश्रित मेलाको आयोजना गर्दा प्रभावकारी हुने देखिन्छ । मिश्रित मेलाका लागि एक दिन भए पुग्छ र प्रा.वि. का सबै विद्यार्थीहरुलाई समावेश गराएर आयोजना गर्न सकिन्छ ।



# शैक्षिक मेलाका चरणहरु

## १. पाठ्यक्रम अन्तर्गत गरेका महत्वपूर्ण सिकाइका क्रियाकलापहरु पहिल्याउने

सर्वप्रथम शैक्षिक सत्र भित्र कक्षामा विद्यार्थीहरुले गरेका महत्वपूर्ण सिकाइका क्रियाकलापहरुमा विचार गर्नुपर्छ । तीमध्ये शैक्षिक मेलामा राख्न योग्य क्रियाकलापहरुको सूची बनाउनुपर्छ । सूची बनाउने काम विद्यार्थीहरुसँग छलफल गरेर तयार गर्न सकिन्छ ।

| कक्षा : | | | | | |
|---|---|---|---|---|---|
| नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | सि.क |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## २. शिक्षकहरुको बैठक

शैक्षिक मेलाको तयारीका बारेमा छलफल गर्न शिक्षक बैठक गर्नुपर्छ । बैठकमा हरेक शिक्षकले तयार पारेको सूचीमा छलफल गरी कक्षा १ देखि ५ का लागि शैक्षिक मेलामा राख्ने क्रियाकलाप वा स्टलहरुको सङ्ख्या निक्यौल गर्नुपर्छ । हरेक कक्षाको स्टलमा एकैनासका क्रियाकलापहरु भए भने शैक्षिक मेला रमाइलो र प्रभावकारी हुदैन । हरेक क्रियाकलापहरु के कसरी गर्ने भनी स्पष्ट निर्देशन समेत तयार गर्नुपर्ने हुन्छ । साथै विद्यालयमा शैक्षिक मेलाको आयोजना गर्ने स्थान छुट्याउनुपर्छ । स्थान छुट्याउँदा कुन कुन कक्षाले कहाँ कहाँ स्टल राख्ने भनेर ठाउँको निर्धारण गर्नुपर्छ । मेलामा अभिभावक लगायत अरु क-कसलाई बोलाउने, मेला कति लामो अवधिको हुने, विद्यार्थी वा आगन्तुक कताबाट आउने र कताबाट निस्कने आदि कुराको विचार गर्नुपर्छ ।

| कक्षा | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | सि.क |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |



## ३. स्रोतको विश्लेषण

आफ्नो कक्षाका विद्यार्थीहरुलाई कस्ता कस्ता क्रियाकलापहरुमा सक्षम बनाउने भन्ने कुरा प्रष्ट भएपछि हरेक विषयका क्रियाकलाप, त्यसमा चाहिने स्रोतसामग्री र आवश्यक पर्ने विद्यार्थी सङ्ख्या र उनीहरुको भूमिका विश्लेषण गर्नुपर्छ ।

| विषय: | सामग्री १ | सामग्री २ | सामग्री ३ | सामग्री ४ | | आवश्यक विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| क्रियाकलाप १ | | | | | | |
| क्रियाकलाप २ | | | | | | |
| क्रियाकलाप ३ | | | | | | |
| क्रियाकलाप ४ | | | | | | |
| क्रियाकलाप ५ | | | | | | |

मेलाका लागि आवश्यक पर्ने कतिपय सामग्रीहरु जस्तैः कार्टुन, पत्रपत्रिका, चित्र, बट्टाहरु आदि, विद्यार्थीहरुले नै संकलन गरेर ल्याउन सक्छन् । यी सामग्रीहरु खोजेर ल्याउन वा संकलन गर्नका लागि विद्यार्थीहरुलाई जानकारी गराई आवश्यक समय दिनुपर्दछ ।

## ४. विद्यार्थीहरुलाई तयार पार्ने र अभ्यास गराउने

कक्षामा विद्यार्थीहरुसँग बैठक गरी शैक्षिक मेलाको दिन र कक्षाले राख्ने क्रियाकलापको स्टलहरुका बारेमा छलफल गर्नुपर्छ । जस्तैः

- जम्मा स्टल सङ्ख्या र तिनका विषयहरु
- विद्यार्थीहरुको समूह गठन र स्टलको बाँडफाँड
- स्टलहरु राख्ने ठाउँ, सामानको ओसार पसार र काम सकिएपछि त्यसको व्यवस्थापन
- चाहिने सामग्रीको निर्माण र संकलन
- हरेक स्टलमा विद्यार्थीले गर्ने भूमिका

कक्षामा छलफल गर्दा विद्यार्थीहरुबाट आउन नसकेका कुराहरु शिक्षकले थपिदिनुपर्छ । छलफलको समयमा शिक्षकले तयार पारेको विश्लेषण तालिका हेर्नु अति आवश्यक हुन्छ । यति गरिसकेपछि विद्यार्थीहरुलाई कक्षामा शैक्षिक मेलाको प्रक्रियामा अभ्यास गराउनुपर्छ ।

